नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ | अंक १७६ | २०७६ साल माघ २८ गते मंगलबार (11 Feb. 2020 Tuesday) | मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिवाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिवाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्वन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : प्रतिष्ठान र सकारात्मक ... ३ पृष्ठमा : मिथिलामा महावीर झण्डोत्सवको ..४ पृष्ठमा : कोरोना भाइरसबाट बच्न ...

# झुठा मुदा फिर्ता नलिए आन्दोलन चर्काउने काँग्रेसको चेतावनी




**दैनिक समाचारादाता**
**राजविराज, २७ माघ ।**

नेपाली काँग्रसका केन्द्रीय उपाध्यक्ष विजय कुमार गच्छेदार माथि झुठो मुद्दा चलाएको भन्दै राजविराजमा प्रदर्शन गरेका छन् ।

सोमवार नेपाली काँग्रेस सप्तरीले राजविराजमा आफ्ना नेता गच्छेदार तथा डाक्नेश्वरी नगरपालिकाको घटनामा आफना तीन कार्यकर्तालाई पक्रेको विरोधमा प्रदर्शन गरेको हो ।

बालुवाटार जग्गा प्रकरणमा मुख्य दोषीलाई उन्मुक्ति दिई उपसभापति गच्छेदारलाई फसाउन खोजिएको तथा डाक्नेश्वरी नगरपालिकाको घटनामा आफना ३ निर्दोष कार्यकर्तालाई पक्राउ गरी झुठो मुदा चलाइएको भन्दै काँग्रेसले सरकार र अख्तियार विरुद्ध प्रर्दशन गरेको हो ।

स्थानिय राजरंगशालामा भेला भई ठुलो सहभागीतामा निस्केको जुलुश नगरको विभिन्न भागको परिकमाको कममा सरकार र अख्तियार विरुद्ध चर्को नाराबाजी गरेका थिए । सरकारले गच्छेदारमाथि राजनितिक पुर्वाग्रह प्रर्दशन गरेको तथा गत २१ माघमा डाक्नेश्वरी नगरपालिकाका मेयर शिव नारायण साहलाई ज्ञापन पत्र बुझाउन गएका आफना ३ जना कार्यकर्तालाई प्रहरीले पकाउ गरी अमानविय व्यहार अन्तर्गत झुठो मुदा लगाएको काँग्रेसको दावी छ ।

विरोध सभाका सहभागीवक्ताहरुले बालुवाटार जग्गा प्रकरणमा मुख्य दोषीहरुलाई उन्मुक्ति दिएर सरकारले राजनितिक पुर्वाग्रह प्रदर्शन गरेको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग पनि सरकारकै मतियार बनेको आरोप लगाएका छन् ।

बर्तमान सरकार अधिनायकबाद तर्फ उन्मुख रहेको

***बाँकी तीन पृष्ठमा***

# सरकारी स्कुलको शैक्षिक गुणस्तर बढाउनुपर्नेमा जोड

**दैनिक समाचारादाता**
**राजविराज, २७ माघ ।**

सप्तरीको विद्यालय शिक्षाको शैक्षिक गुणस्तर सुधार ल्याउनुपर्नेमा सहभागीहरूले जोड दिएका छन ।

सोमवार शिक्षक महासंघ को छैंठो स्थापना दिवसको अवसरमा आयोजित अन्तक्रिया कार्यक्रममा सो कुरा बताईएको हो ।

सहभागी शिक्षकहरूले विद्यालयमा मुख्य भूमिका प्रधानाध्यापकको हुने भएकोले विद्यालयको गुणस्तर कस्तो बनाउने भन्ने बारेमा प्रअको मुख्य भूमिका हुनुपर्ने बताएको छ ।

विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावक र स्थानीय सरकार लागेमा शैक्षिक सुधार तत्काल हुने पनि बक्ताहरुले बताएका थिए ।



अन्तरक्रियामा सहभागीहरुले शिक्षकले पढाउने पाठ अध्ययन नै नगरी कक्षामा पढाउनु जानु, समयमै शिक्षक विद्यालयमा नआउनु, पठनपाठनको गुणस्तरमा कसैले चासो नराख्नु, अभिभावकले विद्यालय र छोराछोरीको पढाईमा चासो नदिनु, शिक्षा शाखा, स्थानीय सरकार नियमित

***बाँकी तीन पृष्ठमा***

## दादुरा रुवेला खोप अभियान

**दादुरा रुवेला खोप लगाऔं । आ-आफ्नो बालबालिकाहरुलाई दादुरा रुबेला रोगबाट बचाऔं ।**

यही फाल्गुन १ गतेदेखि नगरपालिका/गाउँपालिकाको सबै वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुदैछ । यस अभियानमा **९ महिना देखि ५ वर्ष मुनिका** सम्पूर्ण बालबालिकालाई दादुरा रुवेला रोग विरुद्धको खोप लगाइन्छ । आ-आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा रुवेला खोप लगाउन हुन अनुरोध छ । साथै जन्मदेखि **५ वर्ष मुनिका** बालबालिकाहरुलाई पोलियो थोपा समेत खुवाऔं ।

**दादुरा रुवेला खोप अभियान संचालन हुने चरण र मिति**

**पहिलो चरण**

**(२०७६ फाल्गुन १ गतेदेखि २०७६ फाल्गुन ९ गतेसम्म)**
राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

**दोश्रो चरण**

**(२०७६ फाल्गुन ११ गतेदेखि २०७६ फाल्गुन १९ गतेसम्म)**
डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा

**तेश्रो चरण**

**(२०७६ फाल्गुन २१ गतेदेखि २०७६ फाल्गुन २९ गतेसम्म)**
बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिका

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय, सप्तरी**

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

**थप जानकारीका लागि**

**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**
**फोन नं. : 031-522408/09**




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | Prabhu Money Transfer | City Express | IME International Money Express | IME pay | himal remit | CG Money | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

# शैक्षिक गुणस्तर सुधारमा आबश्यक

सप्तरीको सामुदायिक विद्यालय शिक्षाको शैक्षिक गुणस्तर सुधार ल्याउनु अहिलेको आबश्यक देखिन्छ ।

शिक्षक महासंघ महासंघद्वारा आयोजित अन्तक्रियामा शिक्षकहरूले विद्यालयमा मुख्य भूमिका प्रधानाध्यापकको हुने भएकोले विद्यालयको गुणस्तर कस्तो बनाउने भन्ने बारेमा प्रअको मुख्य भूमिका हुनुपर्ने बताउँदै आएको छ।

विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावक र स्थानीय सरकार लागेमा शैक्षिक संस्थामा सुधार ल्याउन सकिन्छ । शिक्षकले पढाउने पाठ अध्ययन नै नगरी कक्षामा पढाउनु जानु, समयमै शिक्षक विद्यालयमा नआउनु, पठनपाठनको गुणस्तरमा कसैले चासो नराख्नु, अभिभावकले विद्यालय र छोरा/छोरीको पढाईमा चासो नदिनु, शिक्षा शाखा, स्थानीय सरकार नियमित अनुगमनमा नजानु लगाएतका सामुदायिक विद्यालयमा समस्या देखिने गरेको छ।

विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्रअ, विद्यालय व्यवस्थापन अध्यक्ष, शिक्षक, अभिवाक र राजनीतिक दलका नेता सबै लागेमा सुधार हुन सकिन्छ । शिक्षकहरू जिल्लाको १८औं स्थानिय तहमा बिभाजन भएको अबस्थामा स्थानिय निकायले शैक्षिक अबस्था सुधार, पेशागत अबस्था बुझ्न नसकेकोले स्थानिय निकायमा शिक्षाको गुणस्तरिय बढनुको सटा घटदै गएको छ।

गुणस्तरीय शिक्षा उन्नयनको लागी, स्वच्छ वातावरण शिक्षा दिन स्थायी, अस्थायी करार, राहत, बालबिकासको अवस्था बारेमा केन्द्रिय, प्रदेश र स्थानिय सरकारले जिम्मेवार लिए मात्र सामुदायिक बिधालयको शैक्षिक गुणस्तरीयमा सुधार हुने बिश्वास लिन सकिन्छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८



डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेलिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# प्रतिष्ठान र सकारात्मक सन्देशहरु



अमरनाथ मण्डल

रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना प्रक्रियासँगै सप्तरीमा व्यापक चर्चा र परिचर्चा सन्दर्भ चलिरहेको अवस्थामा केही दिन पुर्व प्रतिष्ठानको प्रारम्भिक संरचना निर्माणको लागि गजेन्द्र नारायण सिंह अंचल अस्पतालमा कार्यालय समेतको खोलेको तथा जग्गाको समेत व्यवस्था मिलाएको चर्चा परिचर्चा बिच पूर्व स्वास्थ्य मन्त्री उपेन्द्र यादवको पालामा प्रतिष्ठानको कार्यहरु अगाडी बढिरहेकोले हाल आएर प्रतिष्ठान निर्माणको कार्यहरु सेलाई रहेको सन्दर्भमा सप्तरीबासी बीचमा चिन्ता र चर्चा र परिचर्चाको सवालहरु जोडतोरले उठिरहेका थिए । विकासीय दृष्टिकोणमा सप्तरी पछाडी परेकोले सप्तरीले नेपालको ख्याती प्राप्त नेताहरुलाई जन्म दिएको जिल्ला तथा राजनीतिक शिक्षा दिएका जिल्लाको रुपममा चिनिन्छ । शिक्षाको दृष्टिकोणमा नेपालको सन्दर्भमा सप्तरी नं. १ जिल्लाको रुपमा स्थापित रहँदै आएको छ । तर विकासीय दृष्टिकोणमा सप्तरीमा भौतिक संरचना निर्माण सडक, निर्माण औद्योगिक क्षेत्र निर्माण, औद्योगिक व्यवसायिकहरुको लगानी प्रति आकर्षित नहुनु लगायतका स्वास्थ्य क्षेत्रमा अञ्चल अस्पतालको अवस्था तथा अन्य स्वास्थ्य क्षेत्रहरुको अवस्था दिन प्रतिदिन कमजोर अवस्थामा रहेको छ । तर यहाँका जनप्रतिनिधिहरुको चासोको सवालमा सक्रियता नभएको कारणले गर्दा सप्तरी विकासीय दृष्टिकोणमा प्रसारित गरेको जनगुनासोहरु उठ्दै आएको थियो । केही दिन पूर्व रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा मेडिकल कलेजको स्थापनाको कुरा सँगै सप्तरीबासीहरु हर्षित भएका थिए । तर स्थापनाका भौतिक संरचनाहरु निर्माणमा ढिलाई भईरहेका सन्दर्भ लिई सप्तरी उद्योग वाणिज्य संघको नेतृत्वमा सर्वपक्षीय समिति निर्माण गरी केन्द्रिय स्तरमा सरकारलाई घचघचाउने काम अघि सारियो ।

सेलाई रहेको प्रतिष्ठान निर्माण तथा आशाको आश मार्ने परिस्थिति बिचको चर्चा परिचर्चा सन्दर्भ चलिरहेको अवस्थामा राष्ट्रिय सभाका सदस्य तथा नेकपाका नेता सुमनराज प्याकुरेलले एक कार्यक्रममा प्रधानमन्त्री केपी ओलीको इच्छा प्रतिष्ठान चाँडै कार्यको दिशातिर अगाडी बढ्ने रहकोले आफू प्रतिष्ठानको शिलान्यास तथा उद्घाटन गर्ने मनसाय देखाएको प्याकुरेलले एक कार्यक्रममा उजागर गर्नुभयो । प्रधानमन्त्री केपी ओलीको भावना प्रतिष्ठन प्रति सकारात्मक देखिएकोले प्रतिष्ठान निर्माण हुने आशाको किरण देखिरहेका छन् । त्यस्तै समाजवादीका राष्ट्रिय अध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री तथा स्वास्थ्य मन्त्री उपेन्द्र यादवले समाजवादी पार्टीको कार्यक्रममा प्रतिष्ठान निर्माण भएर नै छाड्छ । तर हामी सबैलाई एक जुट हुनुपर्ने आवश्यक रहेको उहाँले आफ्नो धारणा राख्नुभयो । त्यस्तै राजविराज नगरपालिकाका मेयर शम्भु यादवले प्रतिष्ठान स्थापनाको लागि राजविराज नगरपालिकाले सक्रियताको साथ सहयोगको हातहरु अगाडी बढाउने मनसाय कार्यक्रमहरुमा बोल्ने क्रममा देखाएका छन् । वहाँको सक्रियता कारण पनि प्रतिष्ठानको अन्य कार्यहरुमा तिब्रता आईरहेको नगरपालिकाका कर्मचारीहरुको आफ्नो भावना आफ्नो ठाउँमा रहेको छ । सबै पक्षबाट सप्तरीको विकास सप्तरीको स्वास्थ्य क्षेत्रमा ठुलो टेवा पुग्ने प्रतिष्ठानको निर्माण हुनु सप्तरीको लागि विकासीय मात्र होइन, स्वास्थ्य क्षेत्र लगायत अन्य क्षेत्रहरुमा ठुलो फड्को मार्ने अनुमान गरिन्छ । प्रधानमन्त्री केपी ओलीको पनि मनोभावना सप्तरीमा स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना होस् । भने मनसाय देखिन्छ ।

किन भने मधेश आन्दोलनको क्रममा सप्तरीमा भएका नरसंहारको कलंकलाई आफू प्रतिष्ठानको निर्माणमा सहयोग गरी सफा पार्न खोजेको छ । यदि प्रतिष्ठानको निर्माणमा प्रधानमन्त्रीको इमान्दातारिता पूर्वमा सहयोग र विश्वास रहे भने सप्तरीबासीले प्रधानमन्त्रीलाई धन्यवाद दिने अवस्थाको सिर्जना हुन्छ ।

तसर्थ विकासीय दृष्टिकोणमा सधैं पछाडी रहेको सप्तरीमा समाजवादीका राष्ट्रिय अध्यक्षको पहलमा इन्जिनियरिङ्ग कलेज तथा वहाँका संसदीय कोषबाट नर्सिङ्ग कलेजहरुको स्थापना कार्यहरु सुरुवातको अवस्थामा रहेको छ । त्यस्तै प्रतिष्ठान सँगै राजविराजका सडकहरुको बिस्तार लगायत सप्तरीका एक मात्र औद्योगिक क्षेत्रमा उद्योग संचालन लगायत बस स्टेण्डको सुचारु तथा व्यवस्थापन लगायत धार्मिक पर्यटकीय राजदेवी मन्दिर, छिन्नमस्ता मन्दिर, कंकालिनी मन्दिरहरुलाई व्यवस्थापन तथा आवश्यक भौतिक पूर्वाधारहरुको निर्माण गरी धार्मिक पर्यटकीय रुपमा सप्तरीलाई स्थापित गर्नुपर्ने अवस्था र सन्दर्भ देखिन्छ । हुलाकी सडक, कुनौली राजविराज सडक जस्ता सडकहरुलाई तदरुपताका साथ निर्माण कार्यहरु छिटो र पारदर्शी रुपमा अगाडी बढाउनु पर्ने अवस्था देखिन्छ । सप्तरीका अन्य पर्यटकीय क्षेत्रहरुलाई व्यवस्थित र सन्दर्भमूलक आर्कषणपनको अवस्था सिर्जना गर पर्यटकीय क्षेत्रहरुलाई अगाडी बढाउनुपर्ने अवस्था देखिन्छ । जिल्लाको एक मात्र अञ्चल अस्पताल गजेन्द्र नारायण सिंह अस्पताललाई अझै व्यवस्थित र सुविधामूलक बनाउनुपर्ने अवस्था देखिन्छ । यी सन्दर्भहरुलाई जोड्दा खेरी रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठनको निर्माणको आशाको किरणहरुलाई यथास्थितिमा राख्नु स्थानीय जनप्रतिनिधिहरु, प्रदेश जनप्रतिनिधि, संघीय सरकार जनप्रतिनिधिहरुको सक्रियतामा अझै थप विश्वास आउनुपर्ने सप्तरी बासीहरुको इच्छा र आकांक्षा रहेको छ ।

# अवैध सामान प्रहरीको नियन्त्रणमा

**दैनिक समाचारदाता**
**राजविराज, २७ माघ ।**

सप्तरीको बोदेबर्साइन नगरपालिका ८ सोनापुरबाट अवैध रुपमा भन्सार छलि गरी नेपालतर्फ ल्याउँदै गरेको सामानहरु पक्राउ गरेको छ।

सोनापुर स्थित प्रहरी चौकी काचनबाट खटिएको गस्ति टोलीले भारतबाट भन्सार छलि नेपाल तर्फ ल्याउँदै गरेको डोरी ५० पन र पापड २० प्याकेट गरी करिब नौ हजार बराबरको सामानहरु बरामद गरेको प्रहरी चौकी काचनले जनाएको छ ।

प्रहरी टोली हेरेपछि साइकलमा ल्याउँदै गरेको मानिसहरुले अवैध सामग्रीहरु छोडी फरार भएको प्रहरीले जनाएको छ ।

# जिरा मसिनो धान खरिदमा लक्ष्य भेट्टाउन सकिएन

वीरगञ्ज, २७ माघ (रासस) ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड वीरगन्ज शाखाले चालु आर्थिक वर्षमा प्राप्त गरेको जिरा मसिनो धान खरिदको कोटाको लक्ष्य पुरा गर्न सकेको छैन ।

शाखाले चालु आर्थिक वर्षका लागि पाँच हजार क्विन्टल जिरा मसिनो धान खरिदको कोटा पाएको थियो । तर अहिलेसम्म ३२ क्विन्टल २६ केजी मात्र खरिद गर्न सकिएको कम्पनीको वीरगञ्ज शाखा कार्यालयले जनाएको छ । नेपालभन्दा भारतमा बढी उत्पादन हुने जिरा मसिनो धान भारतबाट आउन नसकेकाले तोकिएको लक्ष्य प्राप्ति हुन नसकेको हो ।

शाखा प्रमुख नरनाथ अधिकारीले राससलाई भन्नुभयो, "यो धान नेपालमा नगन्य मात्रामा मात्र लगाउने गरेको र उत्पादन पनि थोरै हुने गरेकाले किसानले यो धान लगाउन छाडिसकेको भए पनि भारतबाट नआएकाले सरकारले दिएको कोटाअनुसार धान खरिद हुन नसकेको हो ।"

यस वर्ष धान खरिद गर्न पाँच हजार क्विन्टल थप कोटासहित सोना मन्सुली धान १५ हजार क्विन्टल तथा जिरा मसिनो धान पाँच हजार क्विन्टल गरी जम्मा २० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य सो कार्यालयले पाएकोमा पाँच करोड ३४ लाख ६१ हजार २२१ रुपैयाँ ८६ पैसा मूल्य बराबरको १९ हजार ९९९ क्विन्टल २६ केजी सोना मन्सुली तथा रु ९७ हजार ३९५ मूल्य बराबरको ३२ क्विन्टल २६ केजी जिरा मसिनो धान खरिद गर्न सकिएको सो कार्यालयका वरिष्ठ सहायक मुनिलाल कुशवाहाले बताउनुभयो ।

अघिल्लो आर्थिक वर्षमा सो कार्यालयले ६ करोड चार लाख ९९ हजार ५१० रुपैयाँ ९३ पैसा मूल्य बराबरको २४ हजार ५८७ क्विन्टल ६० केजी सोना मन्सुली धान खरिद गरेको थियो । गत आवमा कार्यालयले सोना मन्सुली धान मात्र खरिद गर्ने कोटा पाएकोमा यस वर्षदेखि जिरा मसिनो धान खरिद गर्ने कोटासमेत पाएको छ ।

"सोना मन्सुली धानको हकमा प्राप्त कोटाबमोजिम धान खरिदको लक्ष्य पूरा भएको छ, अहिलेलाई धान खरिद स्थगन गरिएको छ,' उहाँले भन्नुभयो", 'जिरा मसिनो धान भने ३२ क्विन्टल २५ किलो मात्र खरिद गरेका छौं, यसको खरिदको कोटा ५ हजार क्विन्टल थियो।" यस वर्ष मङसिर पहिलो साताबाटै शाखाले धान किन्न सुरु गरेको हो । जिरा मसिनो धानको खरिद मूल्य प्रमुख जिल्ला अधिकारी संयोजक रहेको स्थानीय खरिद समितिले निर्धारण गरेको हो । सोना मन्सुलीको मूल्य भने मन्त्रिपरिषद्ले निर्धारण गरेको हो । गत आवमा कार्यालयले सोना मन्सुली धान मात्र खरिद गरेको थियो । यस वर्ष केन्द्रबाटै दुवै धान खरिदको कोटासहित निर्देशन आएको थियो ।

कार्यालयले यही माघ १० गते एक सूचना प्रकाशित गरी एकाएक धान खरिद गर्न बन्द गरेकाले किसान बाध्य भएर सस्तो दरमा व्यापारीलाई धान बेच्न बाध्य भएका छन् । कार्यालयले यस वर्ष सोना मन्सुली धान प्रतिक्विन्टल दुई हजार ६७३ रुपैयाँ १६ पैसामा खरिद गर्दै आइरहेकोमा कार्यालयले धान खरिद गर्न बन्द गरेपछि किसान बाध्य भएर निजीगल्ला व्यापारीलाई सोना मन्सुली धान प्रतिक्विन्टल दुई हजार ५०० देखि दुई हजार ६०० मा बेचन बाध्य भएको रामगढवाका किसान विजय पण्डितको गुनासो छ ।

किसानको मागलाई ध्यानमा राखी कार्यालयले थप १० हजार देखि १५ हजार क्विन्टल धान पुनः खरिद गर्नका लागि स्वीकृति दिन विभागलाई पत्राचार गरेको जनाएको छ ।

# दुर्घटनामा दुईको मृत्यु

लहान, २७ माघ (रासस) ।

सिरहाको नरहा गाउँपालिका-५ स्थित पानबारी चोकमा आज यात्रुबाहक बसको ठक्करबाट मोटरसाइकलमा सवार दुईजनाको मृत्यु भएको छ ।

सिरहाबाट धरान जाँदै गरेको ना ४ ख ९२४१ नम्बरको यात्रुबाहक बसले सदरमुकाम सिरहातर्फ आउँदै गरेको लु १६ प ४४४१ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार सिरहा नगरपालिका-३ निवासी ४५ वर्षीय शैलेन्द्र मण्डल र २९ वर्षीय अमन मण्डलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

जन्तीबाट घर फर्किँदै गरेको अवस्थामा दुर्घटनामा परी गम्भीर घाइते दुवैलाई उपचारको लागि अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको प्रहरीको भनाइ छ ।

# मिथिलामा महावीर झण्डोत्सवको रौनक

महोत्तरी, २७ माघ (रासस)। मध्यपूर्वी तराईमा श्रीपञ्चमीयता महावीर झण्डोत्सवको रौनक छ। खासगरी प्राचीन मिथिला क्षेत्रमा अहिले जताततै महावीर झण्डोत्सवको रौनक देखिँदो छ।

भक्ति, साहस र अतुलनीय पराक्रमका लागि सम्झिने त्रेताकालीन रामभक्त हनुमानलाई मिथिलामा विघ्ननाशक, सङ्कटमोचक, महावीर र पवनदुतसहितका नामले स्मरण गरिन्छ। महावीरका नाउँमा झण्डोत्सव आयोजना गरिँदा नगर/गाउँ बस्तीमा कुनै विपत्ति नआउने, सुख-शान्ति छाउने र दुष्टको प्रवेश नहुने विश्वासले मिथिलामा यो महोत्सवको प्रचलन चलेको यस परम्पराका जानकार बताउँछन्।

प्रदेश-२ का आठै जिल्लामा धमाधम महावीर झण्डोत्सव मेला आयोजन हुने र कैयौँ ठाउँमा सम्पन्न हुँदैछन्। यसबाहेक सीमावर्ती भारतीय जिल्लामा पनि महोत्सवको रौनक बाक्लै देखिँदो छ। रङ्गीचङ्गी पतकाजडित विशाल झण्डा महोत्सवको मुख्य आकर्षण हुने गर्छ। उत्तरायण (माघे सङ्क्रान्तिदेखि असार मसान्तसम्मको अवधि) को शुक्लपक्ष महोत्सवका लागि उपयुक्त मानिन्छ। चैतपछि हावाहुरीको प्रकोप बढ्ने हुँदा माघ/फागुनमै बढीजसो महोत्सव आयोजना हुने गरेका महोत्तरीका प्रेस स्वतन्त्रता सेनानी ८० वर्षीय विन्देश्वरीप्रसाद मण्डल बताउनुहुन्छ।

"महावीर झण्डोत्सव मिथिलामा सामूहिक रुपमा मनाइने हर्षोल्लासको उत्सव हो" आफ्नै बस्तीमा अहिले झण्डोत्सवमा सरिक रहनु भएका मण्डलले भन्नुभयो "श्रीपञ्चमीदेखि फागुन पूर्णिमासम्म वसन्तको उत्कर्ष रहने हुँदा धेरैजसो महावीर झण्डोत्सव यसैबीचमा आयोजन गरिन्छन्।"

महोत्सव आपसी भेटघाट र रमाइलो गर्न उपयुक्त अवसर मानिन्छ। महिनौँ लगाएर बनाइने आकर्षक पतकाजडित झण्डा ५० फिट अग्लासम्म बनाइन्छन्। तलैतलाका खण्डमा विन्ध्याञ्चल पर्वत बोकेका हनुमानका तस्बिर र शिरानमा विजयको प्रतीक मानिने रातो झण्डा फहराइने यो महोत्सवको खास आकर्षण हो।

भजनकीर्तन, खेल मनोरञ्जन र नाटक महोत्सवसहितका कार्यक्रम आयोजना गरिने यस अवसरमा दलका शीर्षतहका नेताको सहभागिताले राजनीतिक चहलपहल बढाउने गरेको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयका प्राचार्य ईश्वरी पौडेल बताउनुहुन्छ।

शुक्लपक्षको ठीक मुहूर्तमा उद्घाटन गरिने महोत्सव कैयन ठाउँमा महिनाभरि लाग्ने गरेका छन्। खेतीपातीमा अलि फुर्सदिलो समय पर्दा मनोरञ्जनका लागि एक/दुई दिन रमाइलै हुने गरे पनि लामो मेला भने अत्यन्त खर्चिलो र भड्किलो बन्दै गरेको टिप्पणी बढेको छ। यस्ताखाले धार्मिक अनुष्ठान समयक्रमअनुसार परिमार्जित गर्दै थोरै दिनका र कम खर्चिलो बनाउन आवश्यक रहेको नयाँ पुस्ताका शिक्षित युवा बताउँछन्।

"हाम्रो संस्कृति थेग्ने र प्रवर्द्धन गर्ने मुख्यपक्ष त ठीक मान्न सकिन्छ" महोत्तरीको भङ्गाहा नगरपालिका-५ राजपुरका सामाजिक/राजनीतिक कार्यकर्ता लक्ष्मण महतो भन्नुहुन्छ, "यद्यपि मेलामा सुरक्षा बन्दोबस्तमा राज्यको उपस्थितिले बढाउने खर्च, मेलामा बढ्ने फोहर र प्रदुषणले महामारी निम्तिने डर र मेलाका नाउँमा बढ्दो तडकभडक कम गर्न महोत्सव कम दिनका तथा कम खर्चमा आयोजना गरिनु पर्दछ।"

## तेस्रो पटक प्रदेशसभा अवरोध : विधेयक पेश हुन पाएन

विराटनगर, २७ माघ (रासस)। प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसको अवरोधका कारण प्रदेश नं. १ प्रदेशसभाको सोमबारको बैठक पनि स्थगन भएको छ।

झण्डै २० मिनेट ढिला गरी शुरु भएको बैठकको कारवाही प्रारम्भ हुनेबित्तिकै काँग्रेसका सदस्यले उठेर विरोध जनाएपछि सभाको कामकारवाही अगाडि बढ्न सकेन। ललिता निवास जग्गा प्रकरणमा प्रतिनिधिसभा काँग्रेस संसदीय दलका उपनेता विजयकुमार गच्छदारविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेकोलगायत विषयमा काँग्रेसले आज तेस्रो पटक बैठक अवरुद्ध गरेको हो।

सभामुख प्रदीपकुमार भण्डारीले सभाको कामकारवाहीलाई चलायमान र प्रभावकारी बनाउन पटक पटक आग्रह गरे पनि प्रतिपक्षी दलका सदस्यले उभिएर विरोध जनाएका थिए। सभामुख भण्डारीले प्रतिपक्षले उठाएको विषय अदालतमा गइसकेकाले प्रदेशसभाबाट निरुपण नहुने स्पष्ट पार्दै सभाको सर्वोच्चतालाई कायम राख्न प्रमुख प्रतिपक्षी दलको पुन:ध्यानाकर्षण गराउनुभएको थियो। प्रदेशसभाको अर्को बैठक यही माघ २८ गते अपराह्न १ बजे बस्नेछ।

अवरोधका कारण उद्योग, वन तथा वातावरणमन्त्री जगदीशप्रसाद कुसियतले 'प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेका विधेयक' प्रदेशसभा पेश गर्न पाउनुभएन।

## इटहरी प्रहरीले दियो ३६ थान मोबाइल धनीलाई

इटहरी, २७ माघ (रासस)। विभिन्न स्थानबाट हराएका ३६ थान मोबाइल प्रहरीले भेटाएका छन्। उजुरी तथा प्रमाणको आधारमा खोजतलास गर्ने क्रममा उक्त परिमाणको मोबाइल भेटिएको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ।

प्रहरीका अनुसार करिब रु आठ लाख मूल्य बराबरका ३६ थान मोबाइल सम्बन्धित धनीलाई आज फिर्ता गरेको छ।

सिडिआर शाखाले प्रभावकारी रूपमा काम गर्न थालेपछि हराएका तथा चोरी भएका मोबाइल धमाधम भेटिन थालेका हुन्। इलाका प्रहरी कार्यालय इटहरीले हालसम्म २३१ थान हराएका तथा चोरी भएको मोबाइल सम्बन्धित धनीलाई फिर्ता गरिसकेको जनाएको छ। वि.सं २०७६ वैशाखबाट शुरु भएको यस शाखाले १० महिनाको अवधिमा करिब ५६ लाख मूल्य बराबरको मोबाइल भेटाएको हो।

इटहरी उपमहा नगरपालिकाका पशुपक्षी महाशाखाले प्रगति बाखापालन समूहलाई ५० प्रजननयोग्य माउ बाखा वितरण गरेको छ।

विपन्न परिवारको जीविकोपार्जन तथा आर्थिक उन्नतिका लागि इटहरी-१४ नरभसा टोलमा माउ बाखा वितरण गरेको नगर उपप्रमुख लक्ष्मी गौतमले बताउनुभयो।

इटहरी वडा नं १४ मा वडा समितिले विपन्न परिवार छनोटको लागि प्रस्ताव माग गरी छनोट भएको प्रगति बाखापालन समूहलाई नगद रु तीन लाख १५ हजारको जमुना जात र क्रस प्रजननयोग्य पाठी वितरण गरिएको पशुपक्षी शाखा प्रमुख दुर्गा श्रेष्ठले बताउनुभयो।

उहाँका अनुसार सो स्थानमा यसभन्दा अगाडि पनि १४ बोयर जातको उन्नत बोका वितरण गरिएको तथा अझै नपुग भएका बीउको लागि एक वटा बोयर जातको उन्नत बोका थप गरिने छ।

## वैदेशिक रोजगारमा ठगी गर्ने पक्राउ

काठमाडौँ, २७ माघ (रासस)। वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी ठगी गर्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ। महानगरीय अपराध नियन्त्रण महाशाखको टोलीले सोलुखुम्बु घर भई भक्तपुर लोकन्थली बस्ने बालकृष्ण कार्कीलाई पक्राउ गरेको हो।

उनले कतार, माल्दिभ्सलगायतका देशमा पठाई दिन्छु भनी प्रलोभनमा पारेर रु आठ लाख लिएको खुल्न आएको छ। पैसा लिएर फरार भएका उनलाई पीडितको जाहेरीको आधारमा पक्राउ गरिएको महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सहकुलबहादुर थापाले जानकारी दिनुभयो।

भक्तपुरबाट पक्राउ परेका उनलाई थप कारवाहीका लागि सोमवार महानगरीय प्रहरी परिसर काठमाडौँ बुझाइएको महाशाखाले जनाएको छ।

### झुठा...

र प्रतिपक्षीलाई पेलेरै जाने नियतले काँग्रेसका नेता तथा कार्यकर्तालाई झुठा मुदा लगाउन थालिएको आरोप लगाएका वक्ताहरुले झुठा मुदा फिर्ता नलिए आन्दोलनको आँधीबेरी सृजना गर्ने चेतावनी समेत दिएका छन्।

सभालाई काँग्रेस सप्तरीका सभापति दिनेश कुमार यादव, पुर्व मन्त्री हेमराज ताँतेड, महासमिति सदस्य छेदीलाल चौधरी, सचिव रामकुमार यादव, पुर्व क्षेत्रीय सभापति भगवती यादव लगायतले सम्बोधन गरेका थिए।

### सरकारी...

अनुगमनमा नजानु लगाएतका सामुदायिक विद्यालयमा समस्या रहेको बताएका थिए।

कार्यक्रममा नेपाल शिक्षक महासँघका महासचिव लक्ष्मीकिसोर सुवेदीले शैक्षिक गुणस्तर सुधार का लागि सबै सरोकारवाला निकाय जिम्मेवार हुन आग्रह गरेको छ।

सो अवसरमा नेपाल शिक्षक महासँघ जिल्ला अध्यक्ष दिनेश प्रसाद यादवले विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्रअ, विद्यालय व्यवस्थापन अध्यक्ष, शिक्षक, अभिवक र राजनीतिक दलका नेता सबै लागेमा अनिर्वाय सुधार हुने बताउनु भयो।

शिक्षकहरू जिल्लाको १८ औ स्थानिय तहमा विभाजन भएको अवस्थामा स्थानिय निकायक शैक्षिक अवस्था सुधार, पेशागत अवस्था बुझ्न नसकेको बताउनु भयो।

उनले भने स्थानिय सरकारको मनोपलीले कारण पेशागत रूपमा सहयोग र समन्वय भईरहेको छैन। शिक्षक महासँघका पुर्व अध्यक्ष पशुराम यादबले विभिन्न कार्याविधिको नाममा शिक्षकलाई समस्या मा पर्ने गरेको बताए।

उनले भने गुणस्तरिय, शिक्षक उन्नयनको लागी, स्वक्ष बतावरण शिक्षा दिन सकिरहेको छैन, स्थायी, अस्थायी करार, राहत, बालबिकासको अवस्था कमजोर भएको छ,

शिक्षा बिकास तथा समन्वय ईकाई प्रमुख फणिन्द्र खत्रीले शिक्षकले अधिकार सँग सँगै कर्तव्यको बोध गर्नुपर्नेमा जोड दिनु भएको छ।

## मानिस हराएको सूचना



उर्मिला देबी साह

सप्तरीको बलानबिहुल गाउँपालिका वडा नम्बर ४ तथा साबिकको गाबिस बेल्ही बस्ने लक्ष्मीराम साहको पत्नी अन्दाजी ४२ वर्षीय **उर्मिला देबी साह**को मानसिक सन्तुलन बिग्रेको अवस्थामा दुई महिना अगाडि नै उपचार गराउन भारतको लुदियाना लैजाने क्रममा बाटो मै हराएकोले भेटाउहुने महानुभावले तपसिल बमोजिमको ठेगानामा सम्पर्क गरि सहयोग गर्दिनको लागि अनुरोध गर्दछु।

**नाम** :- लक्ष्मीराम साह
**ठेगाना** :- बलानबिहुल गाँ.पा. ४ (बेल्ही) सप्तरी
**फोन नं.** :- ९८१३११६५६७

# विश्व समाचार

## दिल्ली मतगणनाको तयारी पूरा

नयाँदिल्ली, २७ माघ (रासस/एएनआई)। नयाँदिल्लीमा शनिबार सम्पन्न विधानसभा चुनावको मतगणना आज अर्थात मङ्गलबार हुँदैछ। दिल्ली निर्वाचन आयोगका प्रमुख रनवीर सिंहले मतगणनाका लागि दिल्लीका विभिन्न स्थानमा २१ वटा केन्द्रको व्यवस्था गरिएको जानकारी दिनुभयो।

मतगणना कार्य बिहान ८ बजे शुरु हुनेछ। विद्युतीय मतदान भएकाले चुनावी परिणाम मङ्गलबार नै सार्वजनिक हुने अनुमान गरिएको छ। उहाँले दिल्लीको मतदान केन्द्रहरूमा खटिएका मतदान अधिकृतहरूले दिनरात लगाएर तथ्याङ्कहरू रुजु गरिरहेको जानकारी दिनुभयो। सिंहले चुनावको नतिजा स्वच्छ र विश्वसनीय बनाउन आयोगले हरसम्भव प्रयास गरिरहेको छ भन्नुभयो।

दिल्लीको सत्तारुढ आम आदमी पार्टी (आप) का नेताहरूले निर्वाचन समाप्त भएपछि विद्युतीय मतदान उपकरणहरू अनधिकृत तरिकाबाट अन्यत्र लगिएको भन्दै विरोध जनाएका छन्। तर प्रमुख आयुक्त सिंहले आपको उक्त दाबीमा सत्यता नरहेको दाबी गर्नुभयो।

उहाँले पर्यवेक्षक र सबै दलका उम्मेदवारहरूको रोहबरमा विस्तृत अनुसन्धान पनि गरिसकेको पनि बताउनुभयो। अनुसन्धानमा विद्युतीय मतदान केन्द्रहरू सबै ठीक र दुरुस्त अवस्थामा रहेको भेटिएको पनि उहाँले बताउनुभयो।

नयाँदिल्लीको ७० स्थानका लागि भएको निर्वाचनको नतिजाप्रति सबैको ध्यान गएको छ। चुनावपछि सार्वजनिक मत सर्वेक्षणले मुख्यमन्त्री अरविन्द केजरीवालको नेतृत्वमा रहेको आपले दुई तिहाई स्थान जित्ने अनुमान प्रस्तुत गरेका छन्।

## अनुसूचित जाति र जनजातिको व्याख्यालाई सर्वोच्चको दियो मान्यता

नयाँदिल्ली, २६ माघ (रासस/एएनआई)। भारतीय सर्वोच्च अदालतले सोमबार अनुसूचित जाति एवं अनुसूचित जनजाति (अत्याचारको रोकथाम) सम्बन्धी संशोधन कानूनको संवैधानिकतालाई मान्यता दिने फैसला गरेको छ। सर्वोच्चको उक्त फैसलामा अनुसूचित जाति एवं अनुसूचित जनजातिविरुद्ध हुने अत्याचारका दोषी व्यक्तिलाई अग्रीम जमानत दिइनु हुन्न भन्ने कानुनी व्यवस्था सही रहेको उल्लेख छ।

न्यायाधीशहरू अरुण मिश्र, विनित सरन र रविन्द्र भटको संयुक्त इजलासले गत वर्ष अक्टोबरमा संशोधित कानूनविरुद्ध दायर मुद्दा खारेज गरेको हो। संशोधित कानूनबमोजिम अपराधी व्यक्तिलाई तत्काल पक्राउ गर्न र त्यस्ता व्यक्तिलाई अग्रीम जमानत पनि नदिन बाटो खुलेको छ।

फैसलामा एफआईआर दर्ता गर्नुअघि प्राथमिक जाँच पनि जरुरी नहुने उल्लेख छ। साथै एफआईआर दर्ता गर्नुअघि वरिष्ठ प्रहरी अधिकारीको सहमति लिनु पर्ने प्रावधान पनि हटेको छ। मोदी सरकारले ल्याएको पछिल्लो व्यवस्थालाई चुनौती दिँदै सर्वोच्च अदालतमा मुद्दा परेपछि अदालतले तत्काल नयाँ कानूनबमोजिम उजुरी गर्नासाथ व्यक्तिलाई गिरफ्तार गर्न र मुद्दा नचलाउन आदेश दिएको थियो।

अनुसूचित जाति तथा जनजातिका सन्दर्भमा मोदी सरकारले गरेको कानून संशोधनका विषयमा असहमति जनाउँदै दर्जनौं उजुरी सर्वोच्च अदालतमा परेका थिए। सर्वोच्चको पहिलो आदेशलाई सम्मान गर्दै केन्द्र सरकारले कानूनमा सामयिक सुधारसहित पुनरावलोकन गर्न सर्वोच्च समक्ष निवेदन दिएको थियो।

## चिनियाँ राष्ट्रपति चिनफिङद्वारा कोरोना भाइरस उपचार केन्द्रहरूको निरीक्षण

बेइजिङ, २७ माघ (रासस/सिन्ह्वा)। चीनमा प्राणघातक कोरोना भाइरसको सङ्क्रमणको आशङ्का गर्दै उपचार गराइरहेका स्थानहरूमा चिनियाँ राष्ट्रपति सि चिनफिङले निरीक्षण गर्नुभएको छ।

उहाँको बेइजिङमा स्वास्थ्य विभागले कोरोना भाइरसको सङ्क्रमणको उपचारका लागि सञ्चालन गरिरहेका स्थानहरूको सोमबार निरीक्षण गर्नुभएको समाचारमा जनाइएको छ।

उहाँले बेइजिङको चाओयाङ जिल्लाको अनहुली समुदायका नागरिकका लागि कोरोना भाइरसको उपचारका लागि बनाइएका रोग निवारण तथा उपचार केन्द्रहरूको पनि निरीक्षण गरी ती स्थानमा अपनाइएका उपचार पद्दतिको बारेमा पनि जानकारी लिनुभएको बताइएको छ।

## तालिबानको कब्जामा रहेका सत्र व्यक्तिको उद्धार

कुन्दुज, २७ माघ (रासस/सिन्ह्वा)। अफगान विशेष सुरक्षा बलको एक टोलीले अफगानिस्तानको उत्तरी प्रान्त कुन्दुजको खानबाद जिल्लामा जारी राखेको एक कारबाहीका क्रममा १८ व्यक्तिलाई मुक्त भएका छन्। तालिबानी लडाकू समूह लुकेर बसेका एक स्थानलक्षित सो कारबाहीको क्रममा तालिबान लडाकू समूहले कब्जा गरेका १८ व्यक्तिलाई मुक्त गरिएको नायब गभर्नर कुदरतुल्लाह सफीले बताउनु भएको छ।

स्थानीय समयअनुसार सोमबाहर बिहान २ बजेबाट उक्त सुरक्षा कारबाही सुरु भएको सफीले बताउनु भएको छ। यस कारबाहीको विषय तालिबानी लडाकू समूहले कुनै पनि टिप्पणी गरेका छैनन्।

# कोरोना भाइरसबाट बच्न विमानस्थलमा हेल्थडेस्क

**दैनिक समाचारादाता**
**राजविराज, २७ माघ ।**

राजविराज स्थित विमानस्थलमा राजविराज नगरपालिकाले कोरोना भाइरसबाट जोगिन सोमवार हेल्थडेस्कको स्थापना गरेको छ ।



कोरोना भाईरस संक्रमित व्यक्ति भित्रिन सक्ने उच्च जोखिम रहेकोले नगरपालिका मातहतका स्वास्थ्यकर्मी राखेर हेल्थडेस्क मार्फत स्वास्थ्य परिक्षण तथा प्रशिक्षण सेवा शुरु गरेको हो ।

विमानस्थलमा नगरपालिकाकाले तीन सदस्यीय स्वास्थ्यकर्मीको टिम खटाएका छन् । राजविराज विमानस्थलमा बाहिरबाट आउने यात्रुको परिक्षण गर्दा ज्वरो र रुघाखोकी जस्ता लक्षण देखिए तत्कालै थप परिक्षण र उपचारका लागि स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा रेफर गरिने नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवले जानकारी दिएका छन् ।

उनले स्वास्थ्य परिक्षणका साथै यात्रुहरुलाई कोरोना भाईरस रोगको लक्षण र यसबाट बच्ने उपायबारे प्रशिक्षण दिने कार्य समेत थालिएको बताए ।

हेल्थडेस्क स्थापनाको पहिलो दिन ५० जनाको परिक्षण गरिएपनि कोरोना भाईरसले संक्रमित व्यक्ति भने कोही फेला नपरेको स्वास्थ्य परिक्षण टिमका प्रमुख आशिष चौधरीले बताए ।

कोरोना भाईरस संक्रमित व्यक्ति भित्रिन सक्ने उच्च जोखिमलाई ध्यानमा राखेर राजविराज विमानस्थलको निकासद्वारमा हेल्थडेस्क स्थापना गरी स्वास्थ्य परिक्षण र प्रशिक्षण सेवा सुरु गरिएको राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादवले बताए ।

उनले कोरोना भाईरसबाट आफु पनि बच्न र अरुलाई पनि बचाउन तालिम प्राप्त स्वास्थ्यकर्मीलाई हेल्थडेस्कमा खटाई परिक्षण सँगसँगै सचेतना मुलक प्रशिक्षण दिने व्यवस्था समेत मिलाईएको बताए । आवश्यकता परे सप्तरीको विभिन्न नाकाक्षेत्रमा समेत हेल्थडेक्स स्थापना गर्ने तयारी भईरहेको उनको भनाई छ ।

यता तिलाठी कोईलाडी गाउँपालिकाले शनिवारदेखी बेल्ही भन्सार कार्यालयको मुल गेट नजिकै हेल्थडेस्क संचालनमा ल्याईएको गाउँपालिकाका प्रमुख सतिश कुमार सिंहले जानकारी दिएका छन् ।

माहामारीको रुपमा फैल्न सक्ने कोरोना भाईरस फैल्न नदिन आवश्यक सुरक्षा व्यवस्था तथा संक्रमित व्यक्तिको पहिचान र उचित उपचारका लागि यहाँ भईरहेको तयारी प्रससनिय रहेको स्थानियहरु बताउँछन् ।

# जंगली हात्तीको आक्रमणले घर भत्काइयो

**दैनिक समाचारादाता**
**राजविराज, २७ माघ ।**

जिल्लाको कंचनपुर नगरपालिका ११ सितापुरमा हात्तीको आक्रमणले एउटा घरमा क्षति पुऱ्याएको छ ।

सोमवार बिहान करिब चार बजे जंगली हात्तीले सितापुरका छबिलाल विकको एक तल्ले टिनाको घर भत्काइएको छ । हात्तीको आक्रमणले घर भित्र रहेको धान, चामल, गेहुँ, मकै लगायतका सामग्रीहरु नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

हात्तीको आक्रमणबाट घर भित्र रहेको धान दुई सय किलो, चामल एक सय किलो, मकै दुई सय किलो गरि २० हजार बराबरको क्षति पुऱ्याएको पिडित छविलाल बिकले जानकारी दिएका छन् ।

# रम्पुरामा अग्नीपिडितलाई राहत बितरण

**चन्दनकुमार यादब**
**राजविराज, २७ माघ ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं १४ रम्पुरामा अग्नि पिडितलाई राहत बितरण गरिएको छ ।




सोमवार धर्मीहल्फा संस्थाले अग्नीपीडित हरि नारायण साहको परिवारलाई राहतका सामग्री बितरण गरिएको हो ।

धर्मी हल्फा महिला विकास क्लव सप्तरीको अध्यक्ष समाजसेवी ई. सूर्य नारायण यादवले अग्नि पिडित साहलाई त्रिपाल, झुल, तन्ना, साडी धोती, थाल, गलास, कराही, डेकची, पन्यु लगायतका राहत सामाग्रीहरु बितरण गरिएको हो ।

सो अवसरमा हनुमाननगर कंकालिनी नगरपालिका वडा नं १४ को वडा अध्यक्ष सत्यनारायण यादव, प्रहरी चोकी रम्पुरा मल्हनियाको प्रहरी हवलदार दिपेन्द्र श्रेष्ठ, गजेन्द्र यादव लगायतको उपस्थिति रहेको थियो ।

# तिलाठीमा दादुरा रुबेला सम्बन्धी गोष्ठी

**दैनिक समाचारादाता**
**राजविराज, २७ माघ ।**

तिलाठी कोइलाडी गाउँपालिकाले सोमबार दादुरा रुबेला सम्बन्धी गाउँपालिका स्तरीय एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ ।



गाउँपालिकाका अध्यक्ष तथा खोप समन्वय समितिका अध्यक्ष सतिश कुमार सिंहको उपस्थितिमा ९ महिनादेखि ५ बर्षसम्मका बालबालिकालाई दादुरा रुबेला खोप र ५ बर्षमुनीकालाई पोलियो थोपा खुवाउने कार्यक्रमको आयोजना गरेको छ ।

उक्त दादुरा रुबेला कार्यक्रम सम्पन्न गर्न बालबालिकाहरुलाई खोप केन्द्रसम्म ल्याउन प्रेरित गर्न महिला स्वास्थ्य स्वयम्सेविकाहरुलाई तालिम समेत प्रदान गरिएको स्वास्थ्य शाखाका प्रमुख शैलेश कुमार मिश्रले जानकारी दिए ।

मिजल्स भाइरसका कारण लाग्ने दादुरा रोग बालमृत्यु हुने प्रमुख कारणको रुपमा रहेको अधिकृत झाले बताए । गाउँपालिकाभरिका गरी ४ हजार ३ सय ३२ जना ९ महिनादेखि ५ बर्षसम्मका र ५ हजार २ सय ६८ जना पाँच बर्षमुनीका बालबालिकालाई पोलियो थोपा खुवाइने उनले बताए ।

अभिमुखीकरण कार्यक्रम समापन गर्दै गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले कुनै पनि बालबालिका खोप पाउनबाट वञ्चित नहुने गरी कार्यक्रम सञ्चालन गर्न निर्देशन दिए ।

नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT





एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस् ।
राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७

दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।

स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।
सम्पर्क
स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME
International Money Express
himal remit
हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*